नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : १४ फाल्गुन २०८२
११४६

विषय :- २९औं स्वास्थ्य सेवा दिवस सम्बन्धमा ।

नेपाल स्वास्थ्य सेवा ऐन २०५३ जारी भएको दिन फागुन १५ गते प्रत्येक वर्ष स्वास्थ्य सेवा दिवस मनाउदै आईएको छ। यस वर्षको २९औं स्वास्थ्य सेवा दिवस "दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो दृढ प्रतिबद्धता" भन्ने मूल नाराका साथ मनाईँदैछ। नेपालको संविधानले प्रत्याभूत गरेको प्रत्येक नागरिकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक, आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक तथा स्वास्थ्य सेवामा समान पहुँचको हकलाई व्यवहारमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रतिबद्ध छ।

हाल प्रतिनिधि सभा निर्वाचनको आचारसंहिता लागु भएकाले संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका सबै निकाय, स्वास्थ्य संस्थाहरू तथा सम्बन्धित कार्यालयहरूलाई शुभकामना आदान प्रदान गरी उक्त मूल नाराका साथ स्वास्थ्य सेवा दिवस मनाउन यसै विज्ञप्तिमार्फत अनुरोध गर्दछौं । स्वास्थ्य सेवा दिवसमा संचालन गरिने साविकका कार्यक्रमहरू निर्वाचन आचारसंहिता अन्त भए पश्चात मनाइने यसै विज्ञप्ति मार्फत जानकारी गराउदछौं ।

स्वास्थ्य सेवा दिवसले स्वास्थ्य क्षेत्रका सम्पूर्ण जनशक्तिको समर्पण, व्यवसायिक दक्षता र सेवाभावको सम्मान गर्नुका साथै गुणस्तरीय स्वास्थ्य सेवामार्फत स्वस्थ राष्ट्र निर्माण गर्ने सामूहिक प्रतिबद्धतालाई थप सुदृढ गर्ने अपेक्षा गरिएको छ। स्वास्थ्य सेवा दिवसको यस अवसरमा स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थाहरू तथा स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउनुहुने सम्पूर्ण व्यक्तित्वहरूमा मन्त्रालय हार्दिक सम्मान तथा कृतज्ञता व्यक्त गर्दछौं ।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता